आज मिति २०७४।०८।१८ गते यस सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाका अध्यक्ष श्री रुद्र प्रसाद अधिकारीको अध्यक्षतामा बैठक बसी तपशिल बमोजिमका प्रस्ताव उपर छलफल गरी तपशिल बमोजिम निर्णयहरु गरियो ।

उपस्थिति

| नाम | ठेगाना | पद | हस्ताक्षर |
|---|---|---|---|
| रुद्र प्रसाद अधिकारी | सुनकोशी ८ | अध्यक्ष | |
| दुर्गा कुमारी तामाङ | सुनकोशी २ | उपाध्यक्ष | |
| दिपहरी राई | सुनकोशी १ | वडाध्यक्ष | |
| खिलानाथ तामाङ | सुनकोशी २ | वडाध्यक्ष | |
| विष्णु कुमार खड्का | सुनकोशी ३ | वडाध्यक्ष | |
| कुमार बहादुर राई | सुनकोशी ४ | वडाध्यक्ष | |
| गोविन्दराम तामाङ | सुनकोशी ५ | वडाध्यक्ष | |
| विष्णू बहादुर आले मगर | सुनकोशी ६ | वडाध्यक्ष | |
| श्याम बहादुर कटवाल | सुनकोशी ७ | वडाध्यक्ष | |
| गुणराज भट्टराई | सुनकोशी ८ | वडाध्यक्ष | |
| झनक कुमार कार्कि | सुनकोशी ९ | वडाध्यक्ष | |
| तुलाराम पराजुली | सुनकोशी १० | वडाध्यक्ष | |
| रेवती रमण सुनुवार | सुनकोशी ९ | अल्पसंयक सदस्य | |
| लक्ष्मुमण कामी | सुनकोशी १ | दलित सदस्य | |
| सपना खत्री | सुनकोशी ७ | महिला सदस्य | |
| चन्द्रकला श्रेष्ठ | सुनकोशी १० | महिला सदस्य | |
| सितामाया थापा | सुनकोशी ३ | महिला सदस्य | |
| सुशिला श्रेष्ठ | सुनकोशी ८ | महिला सदस्य | |

प्रस्तावहरु

१७. मूल्य सुची सम्बन्धमा ।
१८. सडक सुरक्षा सम्बन्धमा ।
१९. ल्याण्ड फिल साइट र बसपार्क सम्बन्धमा ।

निर्णयहरु

२६. प्रस्ताव नं १७ उपर छलफल गर्दा यस गाउँपालिका अन्तरगतका सबै सेवा प्रदायक पसल, होटल, औषधि पसल लगायतले अनिवार्य रुपमा मूल्यसुची राख्नु पर्ने निर्णय गरियो।

२७. प्रस्ताव नं १८ उपर छलफल गर्दा यस गाउँपालिका क्षेत्रमा रहेका सडकमा निर्माण सामग्री राख्न पुर्ण रुपमा बन्देज गरिएको छ ।ढुवानी गरेर ल्याएका सामग्री राख्नै पर्ने भएमा यातायात आवागमन अवरुद्द नहुने गरी राखी बढीमा ४८ घण्टा भित्र नहटाएमा जरिवाना तथा सामग्री जफल गरिने छ । साथै सडकको छेव वा वरपर उत्खन गर्ने सडकमा पानी लगाउने, सडकलाई कुलोको रुपमा दुरुपयोग गर्ने, फोहोर फाल्ने जस्ता कार्यहरु गरेमा सो कार्यले सडकमा पुगेको क्षतिको क्षतिपुर्ति लिई पहिलो पटकमा रु ५००, दोस्रो पटक देखि थप रु ५०० का दरले जरिवाना समेत गर्ने निर्णय गरियो।

२८. प्रस्ताव नं १९ उपर छलफल गर्दा गाउँपालिका क्षेत्रमा बसपार्क तथा ल्याण्डफिलको लागि सम्भाव्यता अध्ययन गरी सो क्षेत्र निर्धारणको प्रकृया अगाडि बढाउने तथा सार्वजनिक स्थानमा फोहोर फालेको खण्डमा पहिलो पटक रु ५०० तथा त्यस पछि प्रत्येक पटकको थप रु ५०० का दरले जरिवाना गर्ने निर्णय गरियो।